७.५ कुनै विद्यालयको आधारभुत तहमा बढी हुन आएका शिक्षक दरबन्दी आवश्यकतानुसार दरबन्दी नपुग भएका विद्यालयहरुमा मिलान एवम् समायोजन गर्ने ।

## ८.विद्यालयको प्रशासनिक(प्रधानाध्यापक)नेतृत्व व्यवस्थापन:

१ प्रत्येक विद्यालयको प्रधानाध्यापकको रुपमा कार्य सम्पादन गर्न एक जना सम्बन्धित तहमा योग्यता पुगेको स्थायी शिक्षक हुनेछ ।

२ विद्यालयका लागि नेतृत्व गर्ने व्यक्ती चयन गर्दा वरिष्ठता,प्राज्ञिक तवरले योग्य,प्रविधिमैत्री,नेतृत्व कौशल र समावेशीसहितका आधारमा गरिनेछ ।

३ विद्यालय सञ्चालन भएको तह अनुसारको स्थायी शिक्षक नभएको खण्डमा नगरपालिका भित्रका अन्य सामुदायिक विद्यालयका स्थायी शिक्षकबाट प्र अ व्यवस्थापन गरिनेछ ।प्र अ ल्याइएको विद्यालयमा निज शिक्षकको प्रतिस्थापन अस्थायी,राहत वा नगर शिक्षकबाट गरिनेछ ।

४ विद्यालयको प्रशासनिक कार्यका लागि नेतृत्व गर्ने उदेश्यले विद्यालयमा काजमा शिक्षक खटाउँदा सामान्यतया बरिष्ठतालाई(Seniority)आधार बनाइनेछ ।

५ नगर शिक्षा समितिको निर्णय अनुसार शिक्षा,युवा तथा खेलकुद शाखाले शिक्षकलाई विद्यालयमा निमित्त प्रधानाध्यापकका रुपमा काज खटाउन सक्नेछ ।

६ शिक्षा शाखाले प्रत्येक वर्ष शैक्षिक सत्रसुरु भएको महिनामा गुलरिया नगरपालिका भित्र सञ्चालित सम्पूर्ण सामुदायिक विद्यालयका प्र अहरु सँग नगर शिक्षा समितिले तोकिएको ढाँचामा कार्य सम्पादन सम्झौता गर्नेछ ।

७ कार्यसम्पादन सम्झौता अनुसारको कार्य गर्नु प्रत्येक विद्यालयका प्र अको जिम्मेवारी,उत्तरदयित्व र जवाफदेहिता हुने छ ।

८ कार्यसम्पादन सम्झौता अनुसारको जिम्मेवारी,उत्तरदयित्वजवाफदेहिता सन्तोषजनक नभएमा २ पटक सम्म कार्यसम्पादन बढाउन प्रोत्साहन गरिनेछ पटक पटक सम्झौता अनुसारको जिम्मेवारी पुरा नगरेको अवस्थामा शिक्षा शाखाले प्र अको जिम्मेवारी बाट मुक्त गरी अन्य विद्यालयमा सरुवा गर्न सक्नेछ ।

९ प्रधानाध्यापकको कार्यकाल एक विद्यालयमा ५ बर्षको हुनेछ ।

१०.माथि जुनसुकै कुरा लेखिएको भए तपनि प्र अ वा शिक्षकहरु समेतको कार्यसम्पादन सन्तोषजनक नभए वा शिक्षक आचार संहिता विरुद्व काम गरेको पाइएमा शिक्षा शाखाले जुनसुकै बखत अन्य विद्यालयमा सरुवा गर्न वा प्रचलित ऐन नियमावली अनुसार कारबाही गर्न बाधा पर्नेछैन ।

## ९.विद्यालय गाभ्ने,कक्षा र तह व्यवस्थापन सम्बन्धी व्यवस्था:

